# हल्दीवारी गाउँपालिकाको आ. व. २०८२।०८३ को नीति तथा कार्यक्रम

(अ) आर्थिक विकास -

(क) कृषि  तथा पशु तर्फ-

**"किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस अन्तर्गत निम्न वमोजिम कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ :-**

कृषि विकास तर्फ

- व्यवसायिक कृषकहरुलाई बाली उत्पादन गर्न जनशक्तिको अभावमा पनि कम लागतमा उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न ५०% अनुदानमा आवश्यक कृषि यान्त्रिकरण उपलब्ध गराईनेछ ।
- कृषकहरुले हरेक पटक बाली लगाउन पूर्व प्राविधिक बाट घर दैलो कार्यक्रम गरि निःशुल्क कृषक सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।साथै हल्दीबारी क्षेत्र भित्रका चिया उद्यमी कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण तथा उपकरण उपलब्ध गराईनेछ ।
- किसानहरुलाई माटोको अवस्था सुधार गर्नको लागि **प्रांगारिक मलको प्रयोग गरौ– स्वस्थ माटो र बाली बढाऔं** अभियान सफल पार्न सामुदायिक बन उपभोक्ता समुह र कृषि सहकारीहरु सँगको सहकार्यमा प्राङ्गारिक मल उत्पादन र प्रयोगलाइ प्रभावकारी रुपमा अघि बढाइनेछ साथै कृषि चुनको आवश्यकता समेत हुने भएकोले सो सम्बन्धी अनुदानको ब्यवस्था गरिनेछ ।
- कृषकहरुले लगाएका बालीनालीमा  लाग्ने रोग किरा पहिचान तथा व्यवस्थापनका लागि बाली उपचार शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषकहरुलाई आवश्यक पर्ने तरकारी फलफूल पुष्प तथा अन्य आलंकारिक विरुवा उत्पादन गर्न एक सामुदायिक नर्सरी स्थापना गरिनेछ । उत्पादित बिरुवा कृषकहरुलाई अनुदानमा उपलव्ध गराईनेछ ।
- नेपाल सरकार, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र अन्तर्गत राष्ट्रिय बीउ बिजन समितिले सुचित तथा पञ्जीकृत गरिएका बीउ विजन प्रयोग गर्नुपर्छ भन्ने चेतना नभएकोले आगामी दिनमा अनुसन्धान केन्द्रबाट उन्मोचित भएका र राष्ट्रिय बीउ बिजन समितिले सुचित तथा पञ्जीकृत गरिएका बीउ विजन प्रयोग गर्न र बाली तथा तरकारीजन्य बालीमा जथाभावी रासायनिक बिषादी प्रयोग गर्नाले वातावरण तथा मानव स्वस्थ्यमा नकरात्मक असर परेको हुँदा यस बारेमा

जानकारी दिन बीउ विजन तथा बिषादी न्यूनिकरण सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- **प्रविधीको पहुँच किसानको हातमा : ५० प्रतिसत साझेदारी स्थानीय साथमा** अभियानलाइ सार्थक तुल्याउन कृषकहरुलाई दैनिक आवश्यक पर्ने कृषि सामाग्री तथा कृषि उपकरणहरु जस्तै : ( स्प्रेयर. मकै रोप्ने मेशिन. बिरुवा रोप्ने मेशिन, डयाङग बनाउने तथा गोड्ने मेशिन, मल्चिङ प्लाष्टिक आदि ) ५० प्रतिशत अनुदान उपलब्ध गराउन प्राथमिकता दिईनेछ ।
- **.**कृषकहरुले आफ्नो खेतबारीमा लगाएका खाद्यान्न बाली, तरकारी बाली, फलफूल बाली, तेलहन बालीमा लाग्ने रोग किराहरुको पहिचान गरी नियन्त्रण गर्न कृषि प्राविधिकहरुको सल्लाह सुझावको आधारमा जैविक तथा रासायनिक बिषादी निशुल्क रुपमा उपलब्ध गराईनेछ ।
- **कृषिमा प्राविधिक सेवा, उत्पादनमा टेवा** अभियानलाई सफल पार्न गाउँपालिकामा कृषि तथा सेवा प्राविधिकहरुलाई सम्बन्धित वडा अन्तर्गत सञ्चालन हुने कृषि तथा पशु सँग सम्बन्धित कार्यक्रमहरुमा कृषि प्राविधिकहरुलाई परिचालन गरी कृषकको घरदैलोसम्म सेवा प्रवाह गर्दै आएकोमा यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- कृषि उत्पादनमा आत्मनिर्भर बनाउनका लागि किसानका लागि प्राविधिक परिचालन गरी अलग अलग प्रकृतिका कृषि उपजको उत्पादनमुलक कार्यमा जोड दिइनेछ।
- कृषिजन्य उत्पादनको उचित मुल्य निर्धारण गरी कृषकहरुको आर्थिक अवस्था सवलीकरण गर्न थोक तथा हाटबजारको विकास, विस्तार र व्यवस्थापन गर्ने तथा आवश्यकता अनुसार निरन्तर अनुगमन तथा नियमन गरिनेछ।
- **“हल्दीवारीको हल्दी”** कार्यक्रम लाई निरन्तरता दिदै यसको सवलीकरणमा जोड दिईनेछ।
- बिउ प्रतिस्थापन दर (SRR) बढाउन र बिउ आत्मनिर्भरता गाउँपालिका बनाउन धान र तोरीको बिउ उत्पादन तथा बिउ आत्मनिर्भर कार्यक्रम सञ्चालन गर्न कृषक समुह/कृषि सहकारीहरुसँग लागत साझेदारीमा बिउ उत्पादन कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।
- किसानहरुको खेतिबारीमा लगाईएका बालीनालीहरु खाद्यवाली, तेलनबाली, तरकारी तथा फलफुल बालीमा देखिएका समस्याहरुलाई न्यूनिकरण गर्न आवश्यक प्राविधिक सल्लाह सुझावको आधारमा जैविक तथा रासायनिक विषादी निशुल्क रुपमा उपलब्ध गराइनेछ।
- किसानले उत्पादन गरेका कृषि सामाग्रीहरुलाई बजारीकरण गर्न वडा वडामा सामुदायिक कृषि पसलहरु संचालन गर्न कृषक हातेमालो कार्यक्रम संचालन गरिनेछ।

# पशुपन्छी तथा मत्स्य बिकास उपक्षेत्र

- **आधुनिक प्रविधि मार्फत पशुपन्छीको उपचारः किसानको आर्थिक उन्नतिको आधार** लाइ आधार मान्दै पशुधनको सुरक्षा गर्नका लागि लम्पी स्किन डिजिज, एफ एम डि तथा पि आर जस्ता विभिन्न महामारीजन्य रोगहरुका विरुद्धको खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरियो घाँसमा आधारित पशुपालनमा जोड दिइने छ साथै उन्नत जातका ब्यवसायिक गाइपालन र पौष्टिक पशु दाना र पौष्टिक घाँसको प्रयोग मार्फत दुध उत्पादन बढाउन प्रोत्साहित गरिनेछ
- पशुपन्छी तथा मत्स्य उपचारका लागि प्राविधिक खटाई प्रत्यक्ष घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ ।
- सडेगलेको माछा तथा मासुजन्य पदार्थ आयातमा रोक लगाउन नियमित अनुगमन साथै माछाको बजार प्रवद्धनको ब्यबस्था गरिनेछ ।
- आत्म निर्भर भएको उत्पादनलाइ (दुध, अण्डा, माछा, बंगुर, कुखुरा, खशि)लाइ निर्यात तर्फ उन्मुख गर्न प्रोत्साहन गरिनेछ ।
- दुधको मुल्यमा प्रोत्साहन अनुदान तथा चिस्यान केन्द्रहरुको ब्यबस्थापनमा जोड दिईनेछ ।
- पशुसेवा सामान्य उपचार, बन्ध्याकरण, खोप, बिज्ञद्धारा उपचार तथा परामर्शहरु सहज रुपमा उपलब्ध गराउने ।
- पशुधन र जनस्वास्थ्यको रक्षा गर्न जुनोटिक रोग तथा महामारीजन्य रोगहरुको रोकथाम नियन्त्रण गर्न बिषेश कार्यक्रम/(स्कुल शिक्षा, मासु पसल सुधार, जनचेतनामुलक पोष्टरिङ,सचेतनामुलक तालिम गोष्ठि/, महामारिजन्य रोग बिरुद्ध खोप कार्यक्रम) सञ्चालन गरिनेछ ।
- पशुपन्छी प्रयोगशालाको सुधार गरिनेछ ।
- समुदायमा रहेका सामुदायिक कुकुर बिरालोको विवेकपुर्ण ब्यवस्थापन गरिनेछ ।
- स्वस्थ दुध मासु र अण्डाको लागि गोठखोर सुधारको कार्यक्रम गरिनेछ ।
- पशुपालन ब्यवसायलाइ ब्यवस्थित गर्न (गाइ फार्म, बाख्रा फार्म,कुखुरा फार्म, बंगुर फार्म,मासु पसल, डेरि पसल, भेटेरिनरी पसल) फार्म पसलहरुको मापदण्ड तयार/गरिनेछ ।
- पशुपन्छि तथा माछा सम्बन्धि (पशुपन्छी संख्या, माछाअण्डाको बार्षिक उत्पादन/मासु/, फार्मदुध डेरिहरुको विवरण/भेटेरिनरी पसल/मासु पसल/, पशुपालनमा भएको ऋण तथा धनको लेखाजोखा)तथ्यांङ्क संकलन गरिनेछ ।
- साइलेज उत्पादनको लागि पशुपालक सहकारिसंग साझेदारिको अवधारणा ल्याइनेछ ।

(ख) **रोजगारी तर्फ-**

- हल्दीबारी गाउँपालिका क्षेत्र भित्र रोजगारी सृजना गर्ने उद्देश्यका साथ शिपमुलक प्राविधिक तालिम केन्द्रको स्थापना तथा तालिमको व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका भित्र बसोबास गर्ने अल्पसंख्यक, लोपोन्मुख,सिमान्तकृत,पिछडावर्ग,महिला तथा दलित एवम अपांगता भएका र न्युन आय भएका बेरोजगार र समुदायहरुको लागि सिपमुलक तालिममा विषेश प्राथमिकता दिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका उद्योगी, ब्यापारी, निर्माण ब्यवसायी लगायत रोजगारप्रदायकको पहिचान गरी गाउँपालिकामा सूचीकृत गराइने छ ।
- निर्माण ब्यवसायीहरुले यस क्षेत्र भित्र निर्माणका कार्यहरु गर्दा हल्दीवारी भित्रकै श्रमिकहरुको प्रयोग गराउन प्रोत्साहन गरिनेछ ा
- **"दक्ष जनशक्ति समृद्ध गाउँपालिका : सबै श्रमिकको पहिचान हाम्रो प्राथमिकता"** नारालाइ सार्थक तुल्याउन गाउँपालिका क्षेत्रभित्रका दक्ष, अर्धदक्ष तथा अदक्ष श्रमिकहरुको पहिचान गरी सम्बन्धित वडामा सूचीकृत गरिनेछ ।
- वाली विज्ञान विषय लिई निशुल्क अध्ययनरत हल्दीवारीका विद्यार्थीहरुलाई अध्ययन पश्चात रोजगारीमा प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।
- "सबैलाई सीप, सबैलाई रोजगार" कार्यक्रमको सुरुवात गरीनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका युवा वेरोजगारहरुलाई शीपमुलक तालिम प्रदान गरी स्वावलम्बन, स्वरोजगार, उद्यमशिलता एवं आय बृद्धि मार्फत गरिवी न्युनीकरण गर्ने नीति अवलम्बन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई संघिय सरकारको नीति बमोजिम निरन्तरता दिईनेछ ।
- बैदेशिक रोजगारको शिलशिलामा परिवारको कुनै सदस्य विदेश गई घरमा रहेका आमा बुबा श्रीमती वा छोराछोरी मध्ये कसैलाई तोकिए बमोजिमको रोग लागेमा बैदेशिक रोजगार बोर्ड मार्फत प्राप्त हुने आर्थिक सहायता गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत परिवारजनलाई उपलब्ध गराइनेछ ।

(ग) **पर्यटन तर्फ-**

**फेरी पनि घुम्न जाउँ, हल्दीबारी गाउँ अभियानलाई निरन्तरता दिईनेछ ।** हाम्रो हल्दीबारी राम्रो हल्दीबारीको नारा सहित **निम्न अनुसारका कार्यक्रमहरु सन्चालन गरिनेछ ।**

- भेलागुढी सामुदायिक वनको हाताभित्र लोकतान्त्रिक शहीद स्मृति पार्कमा आधारभुत संरचनाहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ, यसको ब्यवस्थापन र आयआर्जनका लागि आश्यक पहल गरिनेछ । यसैगरी उक्त पार्कको हाताभित्र **राजबंशी, सन्थाल र लोपोन्मुख मेचे जाती को भाषा र संस्कृतीको संरक्षण गर्ने उद्धेश्यले** भेलागुढी पार्कमा **संग्राहलय स्थापना** गरिनेछ ।
- हुलाकी राजमार्ग सँगै रहेको हल्दीवारी गाउँपालिका प्रवेश केन्द्रको मुख्य पुर्वीभागमा अवस्थित ऐतिहासिक पहिचान बोकेको धार्मिकस्थल स्वर्गद्धारीको प्रचारप्रसार र ब्यवस्थित गने कार्यलाइ निरन्तरता दिइनेछ ।

- जलथल जंगल र आवादीको सिमाना बिचको सडकलाई पर्यटकीय सडकको रुपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटनका लागि हल्दीबारी गाउँपालिका क्षेत्र भित्र रहेको सबै जातजातीहरुको जातिय पहिचान झल्काउने गरी **"हेरौं प्रकृति , बुझौं संस्कृति"** अभियानलाई सार्थक बनाउदै होम स्टेहरुको विकास गर्न सम्भाव्यता अध्ययनको कार्य अगाडी बढाइनेछ ।
- जलथल जंगललाई गौरबको आयोजनाको रुपमा विकास गर्न पहल गरिने छ, साथै यस जंगललाई जैविक पार्कको रुपमा पहिचान गराई पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ सो सम्बन्धमा हल्दीवारी क्षेत्रभित्र पर्ने सामुदायिक वन उपभोक्ता समितिहरुसँगको सहकार्य तथा साझेदारीमा विविध कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका चिया बगानका मनोरम स्थलहरुलाई पहिचान गरी च्याउ उद्यमिको समन्वयमा **हरियाली बगान हल्दीबारीको शान हाम्रो हल्दीबारी राम्रो हल्दीबारी** पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
- स्थानीय श्रम, शीप प्रयोग हुने तथा स्थानीय कला, संस्कृती झल्काउने सामाग्रीहरुको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनका लागि विविध कार्यकम सन्चालन गरिनेछ ।
- हल्दीबारी गाउँपालिका क्षेत्र भित्र रहेका पाथिभरा, धनुषपोखरी, साकेला, स्वर्गद्वारी धार्मिक एवम पर्यटकीयस्थल तथा पुरातात्विक, सांस्कृतिक इतिहास बोकेका धरोहर तथा सिमसार क्षेत्रहरुलाई पर्यटकीय गन्तब्यको रुपमा विकास एवम् विस्तार गर्न डिजिटल प्रविधी समेतको प्रयोग गरी प्रचारप्रसार गरिनेछ । हल्दीवारीको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचान भएको धनुषपोखरीलाई स्थानीय समुदाय समेतको सहकार्यमा व्यवस्थित गरिनेछ .
- हल्दीबारी गाउँपालिकाको गौरबको आयोजना चारकोसे जंगल छेउको पर्यटकीय सडक वरपरका पाथिभरा, साकेलाथान, दुधकन्या, स्वर्गद्वारी धार्मिक एवम पर्यटकीयस्थल तथा पुरातात्विक, सांस्कृतिक इतिहास बोकेका धरोहरको प्रचार प्रसार गर्ने उद्धेश्यले वडाकार्यालयहरु र सामुदायिक बन समुहहरुको समन्वयमा **हल्दीवारी पदयात्रा** कार्यक्रम संचालन गरी कम्तिमा ५०० युवाहरुलाई आवद्ध गराइ हुलाकी राजमार्गमा दौड प्रतियोगिता आयोजना गराइनेछ ।
- हल्दीवारी गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा निर्माण भएका सबै झोलुंगेपुल भएको क्षेत्रहरुलाई **झोलुंगेपुल प्राकृतिक सौन्दर्यता झल्काउने गरी – हाम्रो गाउँ पर्यटनको केन्द्र** भन्ने नारा सहित पर्यटकीय गन्तब्यको रुपमा प्रचारप्रसार गरिनेछ ।

(घ) **सहकारी तर्फ-**

- स्थानीय श्रम, सीप र पुँजी प्रयोग गरी स्थानीय स्तर मै उत्पादन हुन सक्ने चामल, तोरीको तेल, माछाको दाना, च्याउ, स्यानिटरी प्याड, व्याग, जुत्ता-चप्पल लगायतका वस्तुहरुको प्रवर्द्धन, वजारीकरण तथा विविधिकरणका लागि स्थानीयस्तरमा लघु उद्योगहरु सन्चालनका लागि सहकारी संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ ।
- हल्दीबारी गाउँपालिकाबाट प्रदेश सरकार तथा संघिय सरकारको सहयोग एवं सहकार्यमा बृहत चिस्यान केन्द्रको व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

- **स्थानीय बिकासको आधार : पारदर्शी सहकारी ब्यवहार** लाई सार्थक तुल्याउन गाउँपालिका क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई आवश्यक समन्वय गरी आवश्यकतामा आधारित तालिमहरु संचालन गरिनेछ ।
- **गाउँपालिकाको बिकास तब सम्भव हुन्छ : जब सहकारी नाफा हैन सेवामा केन्द्रित हुन्छ** यस कुरालाइ मध्यनजर गर्दै गाउँपालिका क्षेत्रभित्र क्रियाशील सहकारी संघ संस्थाहरुको सञ्चालन पद्दती, ऋण नीति एवं संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धि व्यवस्थालाइ कडाइका साथ नियमन गरिनेछ, संस्थाहरुले आफ्नो उद्देश्य अनुरुप हुने गरी मात्र ऋण प्रवाहको व्यवस्था मिलाउन आवश्यक अनुगमन एवं नियन्त्रण गरिनेछ ।

(ङ) **उद्योग वाणिज्य तर्फ-**

- उपभोक्ता हकहित संरक्षणलाई ध्यानमा राख्दै गाउँपालिकाले स्थानीय तहमा उपलब्ध वस्तु तथा सेवाको गुणस्तर,मुल्य र पारदर्शिता सुनिश्चत गर्न प्रयत्नशिल हुनेछ, यसका लागि वजार अनुगमन प्रणालीलाई सशक्त बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका उद्योग कलकारखानाहरुलाई थप व्यवस्थित र सुरक्षित वनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका उद्योगधन्दा, कलकारखानामा काम गर्ने कामदारहरुको अनिवार्य स्वास्थ्य विमा गर्नुपर्ने नीति अवलम्ब गरिनेछ ।
- सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गरी गाउँपालिका क्षेत्रभित्र रहेका चिया किसानहरुले उत्पादन गर्ने चियापत्तीको मूल्य सामयिक बनाउन तथा निर्धारण गर्नका लागि गाउँपालिकाबाट नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ ।
- स्थानीयस्तरमा उद्योगधन्दा, कलकारखानाको स्थापना गर्न चाहने व्यक्ति तथा संस्थाहरुले कम्तिमा २० जना स्थानीय नागरिकहरुलाई रोजगार प्रदान गरेमा प्रोत्साहन स्वरुप स्थानीय करमा निश्चित प्रतिसत छुट दिने नीति अवलम्बन गरिनेछ ।

सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गरी गाउँपालिका क्षेत्रभित्रको वजार अनुगमनको ब्यवस्था मिलाइनेछ ।

(आ) **सामाजिक विकास-**

(क) खानेपानी तथा सरसफाई तर्फ -

- **शुद्ध पानी निशुल्क सेवा : शिक्षा स्वास्थ्य समृद्धीको छाया** लाई सार्थक तुल्याउन हल्दीबारी गाउँपालिका भित्र संचालनमा रहेका खानेपानि तथा सरफाई संस्थाहरुको मासिक विधुत महसुल खर्च ,कर्मचारि खर्च तथा जेनेरेटरमा प्रयोग भएको ईन्धन खर्च गाउँपालिकाको कार्यालयबाटै व्ययभार व्होरी हल्दीबारी गाउँपालिका भित्रका नागरिकहरुलाई १०,००० (दश हजार) लि. सम्म खानेपानी निःशुल्क प्रदान गर्ने र आगामि दिनहरुमा उक्त दायरा समेत वृद्ध गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै आगामी आ ब देखी विद्यालय,स्वास्थ्य संस्था, वडाकार्यालय, गाउँपालिकाको कार्यालय, प्रहरी चौकी लगायतहरुमा २५००० लिटर सम्मको खानेपानी महशुल निशुल्क गर्न पहल गरिनेछ ।

- हल्दीबारी गाउँपालिका भित्र स्वच्छ खानेपानी आपूर्तिका लागि **"हाम्रो लगानी, घर घरमा स्वच्छ खानेपानी"** कार्यक्रम सन्चालन गरी गाउँपालिकावाट खानेपानी पाईप लाइन विस्तारलाइ निरन्तरता दिइनेछ । साथै केन्द्र सरकार र प्रदेश सरकार अन्तर्गतका योजना तथा कार्यक्रममा समावेश नभएका खानेपानी योजनाहरुलाई गाउँपालिकाबाट प्राथमिकता दिइनेछ ।
- केन्द्र सरकार तथा प्रदेश सरकार बाट संचालन भएका WASH सम्बन्धी कार्यक्रमहरुलाई समयमै सम्पन्न गर्न पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी उपभोक्ता समितिहरुलाई आवश्यक नियमन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक स्थलहरुमा स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र साप्ताहिक रुपमा सञ्चालन हुने हाटबजारबाट निस्कने फोहोरमैलाको आवश्यकता अनुसार सम्बन्धित संघ संस्थाहरुको समेत साझेदारीमा उचित व्यवस्थापन गरिनुका साथै सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय ममर्त तथा निर्माण कार्य अघि बढाइनेछ ।

(ख) **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ-**

- ज्येष्ठ नागरिक, अल्पसंख्यक, दलित, आदिवासी जनजाति, मधेसी, अपांगता भएका व्यक्ति, महिला, पिछडिएको क्षेत्र र न्यून आय भएका वर्गहरुमा सबै वडाहरुमा गाउँपालिका तथा वडा कार्यालय मार्फत क्षमता अभिवृद्धि एवं सशक्तिकरणका कार्यक्रमहरुलाई निरन्तरता  दिईनेछ ।
- लक्षित वर्गका महिलाहरुलाई विभिन्न शिपमुलक तालिमहरु संचालन गरिनेछ ।
- अपांगता भएका विपन्न व्यक्तिहरुका लागि मागमा आधारित सहयोगी सामाग्रीहरु उपलब्ध गराइनेछ साथै **ग र घ बर्गका अपांगता भएका** विपन्न व्यक्तिहरुका लागि शिपमुलक तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- अटिजम तथा बौद्धिक अपांगता भएका ब्यक्तिको अभिभावकहरुलाई अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- प्रदेश सरकार तथा करुणा फाउण्डेशन नेपाल संग सहकार्य गरी त्रिपक्षिय  लागत साझेदारीमा अपांगता रोकथाम तथा पुनर्स्थापन कार्यक्रम संचालनमा ल्याइनेछ ।
- बालमैत्री अभियानलाई चरणबद्ध रुपमा कार्यान्वयनमा ल्याइनेछ । आवश्यक ऐन नियम कार्यविधि निर्माण गर्दै वस्तुगत विवरण संकलन गरिनेछ साथै यस वर्षभित्रमा कम्तिमा **एक वटा वडालाई बालमैत्री वडा घोषणा** गरिनेछ ।
- **"समृद्धिका पालक, हल्दीबारीका बालक"** अभियानलाई कार्यान्वयन गर्न प्रत्येक वडामा गठन गरिएका बाल क्लब तथा बाल संजालहरुको क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गरिनेछ ।
- आत्मा हत्या, लागू औषध दुर्व्यसन विरुद्ध किशोरी तथा आमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै माविस्तर बाटै किशोर किशोरीहरुलाई आत्म शुरक्षा सम्बन्धी तालिम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिक, अल्पसंख्यक, दलित, आदिवासी, जनजाति, मधेसी, अपांगता भएका व्यक्ति, पिछडिएको क्षेत्र र न्यून आय भएका वर्गको सशक्तिकरणका लागि उद्यमशीलता सँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा गरी सञ्चालनमा ल्याइनेछ ।

- **जेष्ठ नागरिकको सम्मान : गाउँपालिकाको पहिचान** नारालाई सार्थक पार्न जेष्ठ नागरिकका छोराबुहारी दुबैलाई ज्येष्ठ नागरिक हेरचाह सम्बन्धी कार्यक्रम संचालन गरिनेछ। साथै प्रत्येक वडाबाट **असल बुहारी सम्मान** कार्यक्रमको थालनी गरिनेछ।
- विपन्न एकल महिलाहरुका लागि आय आर्जन सम्बन्धी शिपमुलक कार्यक्रम संचालन गरिनेछ।
- साहित्यिक मन, कृषि र पर्यटन अभियानलाई कार्यान्वयनमा लैजानका लागि साहित्य र कला मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति आर्जन गरेका स्थानीय व्यक्तित्वहरुलाई सम्मान गर्ने संस्कारलाई निरन्तरता दिइनेछ।
- युवाहरुमा जिवनयापनका लागि सहि मार्गमा डोर्याउन निरन्तर रुपमा नैतिक शिक्षा तथा लागु औषध दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम संचालन गरिनेछ।
- युवाहरुलाई लोकसेवा आयोग पुर्व तयारी कक्षा संचालन गरिनेछ।

(ग) **शिक्षा तथा खेलकुद तर्फ-**

- सामुदायीक विद्यालयको शैक्षिक कियाकलापलाई थप गुणस्थर बनाउनको लागी **विद्यार्थीसँग जनप्रतिनिधि** कार्यकम सञ्चालनमा ल्याइने छ।
- "**हामी सबैका ईच्छा, अनिवार्य निशुल्क शिक्षा**" कार्यक्रम अन्तर्गत कक्षा ११ र १२ मा अध्ययन गर्ने सबै विद्यार्थीलाई निःशुल्क पठनपाठनको व्यवस्थालाई निरन्तरता दिदै शिक्षाको गुणस्तरियता अभिवृद्धिका लागि अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ।
- सबै सामुदायिक विद्यालयमा कम्प्युटर शिक्षा प्रवर्द्धन गर्नका लागि घुम्ती कम्प्युटर शिक्षक एवं विद्यालयमा अति आवश्यक जनशक्तिको पुर्ती गर्न आवश्यक विषयका शिक्षकको लागि दिइने अनुदान कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको कार्यालय, वडा कार्यालय, सबै सामुदायिक विद्यालय, स्वास्थ्य चौकीहरुमा जडान गरिएका सि.सि. क्यामराहरुको तथ्याङ्कहरु एकीकृत गरी उक्त तथ्याङ्क उपर गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयसमेतको पहुँच स्थापना गर्न आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी इन्टर्नेट मार्फत सञ्जालीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- **शिक्षामा समृद्धि, शैक्षिक गुणस्तरमा अभिबृद्धि** अभियानलाई सार्थक तुल्याउन सामुदायिक विद्यालय प्रति आम स्थानीयवासीको विश्वसनीयता बढाई शैक्षिक गुणस्तर समेत अभिवृद्धि गर्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय राजनैतिक दल, नागरिक समाज लगायत आम सरोकारवालालाई लक्षित गरी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयमा कार्यरत बालशिक्षक, लेखापाल तथा सहयोगी कर्मचारीहरुलाई श्रम ऐनले तोकेको न्युनतम सेवा सुविधा उपलब्ध गराइनेछ। यसका लागि उनीहरुलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने सेवा सुविधामा अपूग रकम गाउँपालिकाबाट व्योहोर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- लोपोन्मुख मेचे समुदायको भाषा संरक्षणका लागि सोही समुदायका विद्यार्थीहरुलाई लक्षित गरी श्री दीपेन्द्र प्रा.वि.मा मेचेहरुको मातृभाषामा पठनपाठन गर्ने गराउने कार्यलाई थप व्यवस्थित गरिनेछ।

- शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि तहगत/विषयगत नि.मा.वि. र माध्यमिक तहको शिक्षक व्यवस्थापन गरिनेछ ।
- दलित, लोपोन्मुख तथा आदिवासी समुदायको जेहेन्दार तथा सफल नतिजा ल्याउने विद्यार्थीहरुलाई विद्यालय सहज आउनजानका लागि यातायातको साधन साइकल उपलब्ध गराइने छ ।
- हल्दीवारी गाउँपालिका भित्र रहेका खेल मैदानहरुलाई क्रमागत रुपमा व्यवस्थापन गर्दै लगिनेछ ।
- गाउँपालिका भित्र लागु हुने गरी अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । साथै शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा स्काउट सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

(घ) **स्वास्थ्य तर्फ-**

- **"आधारभुत स्वास्थ्यसेवा सवैका लागि,सधैका लागि"** कार्यन्वयन गर्न पहुँचयोग्य र प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।
- **"नागरिकको स्वास्थ्य, समृद्धिको आधार, स्वस्थ नागरिक खुशी नागरिक"** अभियानलाई सफल पार्न र दिगो विकासका लक्ष्यहरु प्राप्तीको लागि कार्यक्रमहरु लक्षित रहनेछन ।
- **"सुलभ र गुणस्तरिय उपचार हाम्रो अधिकार"** स्वास्थ्य सेवाको व्यवस्थापनकालागि गाउँपालिकास्तरीय पन्ध्र शैयाको आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा गुण्स्तरीय स्वास्थ्य सेवाको व्यवस्था मिलाईनेछ ।
- **"सुरक्षित प्रसुति, आमा शिशुको जीवन रक्षा"** कार्यन्वयन गर्न आधारभुत अस्पतालमा सुरक्षित प्रसुतिकेन्द्रको व्यवस्थापन र विपन्न गर्भवती तथा जन्मिएका शिशुहरुको सुपोषणको लागि पोषण प्रोत्साहान सामाग्रिको व्यवस्था गरिनेछ ।
- सबै वडाहरुमा रहेका स्वास्थ्य संस्थामा सहजै सेवा लिन नसक्ने ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी, फरक क्षमता भएका नागरिकहरुलाई कम्तिमा महिनाको एक पटक घरभेट तथा टोलस्तरीय भेटघाट मार्फत स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- जनता उपचार सहायता तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन कोष मार्फत **"आपतमा साथ,पीडामा उपचार"** सहयोगको व्यवस्था मिलाइनेछ ।
- नसर्ने रोगको बढ्दो प्रकोपलाई कम गर्न तथा मानसिक स्वास्थ्य प्रर्वधन गर्न जनस्वास्थ्यका कृयाकलापहरु संचालन गरिनेछ ।
- ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला र शहीद तथा वेपत्ता परिवारका सन्ततीहरुलाई पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु मार्फत उपलब्ध हुने प्रयोगशालाका आधारभुत सेवाहरु वर्षमा तिन पटक निःशुल्क उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- हल्दीवारी गाउँपालिकालाई **पुर्णखोप शुनिश्चितता** गर्दै दिगोपनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- पुर्णखोप, बालमैत्री, पोषणमैत्री एवम क्षयरोगमुक्त गाउँपालिका शुनिश्चितता र दिगोपनाका चरणबद्ध कार्यक्रमहरु संचालन गरिनेछ ।

- स्त्री तथा प्रसुती रोग विशेषज्ञ सेवा संचालनमा ल्याइनेछ। साथै आधारभुत अस्पतालमा विशेषज्ञ चिकित्सक सेवा सुचारु गर्दै लगिनेछ।
- राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरुलाई जिम्मेवारीका साथ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनलाई थप पहुँचयोग्य बनाउदै लगिनेछ।

## (इ) पुर्वाधार विकास-

- हल्दीबारी गाउँपालिका भित्रका सडकहरुको नियमित रुपमा मर्मत संभार गर्ने व्यवस्था मिलाइनेछ, गाउँपालिकाभित्रका मुख्य तथा सहायक सडकहरुलाइ स्तरोन्नति सहित ग्राभेल कार्यलाइ निरन्तरता दिइनेछ। तर कृषि सडक, टोल भित्रका सडक तथा विस्तार गर्न नसकिने खण्डहरुको हकमा भने प्राविधिक मापदण्ड सहित व्यवस्थापनमा ध्यान दिइनेछ।
- हल्दीबारी गाउँपालिकाबाट ठेक्का बन्दोबस्त भएका बहुबर्षे आयोजनाहरुलाई निरन्ता दिंदै कालो पत्रे सडकको पहुँच नपुगेका वडाहरुका अति आवश्यक सडकहरु पहिचान गरी मुल सडकलाई कालो पत्रे गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्रका पाँचवटै वडाकार्यालय सम्म तथा स्वास्थ्य संस्था सम्म पक्की सडकको पहुँच पुर्याउदै **"हरेक स्वास्थ्य संस्थामा पक्की सडक पुगोस : जनसेवा सहज बनोस"** कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- हल्दीबारी गाउँपालिका भित्र रहेका मुख्य नदीहरुमा बाकी रहेका काठेपुलहरु समेतलाई विस्थापित गरी **काठेपुल मुक्त अभियान**लाई सफल पार्न पक्की पुल तथा साना नदी एवं खोला खोल्साहरुमा स्लाभ कल्भर्ट र झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।
- हल्दीबारी गाउँपालिका भित्र विद्युतको पहुँच नपुगेको टोल बस्तीहरुमा विद्युतको पहुँच विस्तार गरिनेछ।
- विगत वर्षहरुमा स्तरोन्नती तथा ग्राभेल गरिएका सडकहरुको नियमित मर्मतसम्भार हुने व्यवस्था मिलाइनेछ तथा नयाँ स्तरवृद्धि गरिने सडकका हकमा सम्बन्धित वडावाट नै ग्राभेल हुने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका क्षेत्रमा विद्युत भोल्टेज सुधारका लागि ट्रान्सफर्मर विस्तार गर्नुपर्ने स्थानहरुको पहिचान गरेर सम्बन्धित निकायसँग समन्वय गरी **उज्यालो गाउँपालिका अभियान**लाई प्राथमिकता दिइनेछ।
- गाउँपालिका तथा वडा कार्यालयबाट सञ्चालन हुने रु ३ लाख सम्मका आयोजना सम्बन्धित टोल विकास संस्था/उपभोक्ता समितिबाट र सो भन्दा माथिका आयोजनाहरुको हकमा अनिवार्य विद्युतिय ठेक्का मार्फत सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिका भित्रका मुख्य सडक तथा नदी खोलाहरुमा गौरवको आयोजनाको रुपमा कालोपत्रे सडक र बक्सपुलको कार्यक्रमहरुलाई बहुवर्षे योजनाको रुपमा अघि बढाइनेछ।

**"दिगो विकासको आधार, व्यवस्थित र जनमैत्री पूर्वाधार"** भन्ने नीतिलाई व्यवहारमा कार्यन्वयन गर्नका लागि गाउँपालिका क्षेत्रमा निर्माण गर्नुपर्ने सडक, पुल तथा कल्भर्ट, भवन, विद्युत विस्तार, बजार व्यवस्थापन लगायतका पूर्वाधार विकाससंग सम्बन्धित आयोजनाहरुको तथ्याङ्क संकलन गरी

स्थानीय तहको बजेट, नीति तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७४ वमोजिम प्राथमिकीकरण गरेर मात्र आयोजना सञ्चालन गर्ने प्रकृया अगाडी बढाउने नीतिलाई निरन्तर रुपमा अवलम्वन गर्दै लगिनेछ ।

**(ई) वन, वातावरण तथा विपद् व्यवस्थापन-**

- हल्दीबारी गाउँपालिकाको भौगोलिक क्षेत्राधिकारभित्र रहेका सबै सामुदायिक वनहरुलाई गाउँपालिकाको कानूनी दायराभित्र ल्याइनेछ । सबै सामुदायिक वन उपभोक्ता समुहहरुले गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने आफ्नो वार्षिक कार्ययोजना गाउँ कार्यपालिकाको निर्णयले स्वीकृत गराउने व्यवस्था मिलाइनेछ । सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजना बमोजिम सामुदायिक वनले गरिवी न्युनीकरण र विकास निर्माणमा खर्च गर्नुपर्ने रकममा गाउँपालिकाले समेत साझेदारी गर्ने नीति अख्तियार गरिनेछ ।
- **ग्रीन हल्दीवारी** कार्यक्रम मार्फत मापदण्ड पुरा भइ निर्माण सम्पन्न भएका पक्की सडकहरुको दुबैतिर सामुदायिक वन तथा वन कार्यालयको समन्वयमा बृक्षरोपणको अभियान शुरु गरिनेछ ।
- फोहोरमैलाको दिर्घकालिन व्यवस्थापनका लागि गुरुयोजना तयार गरिनेछ साथै फोहोर मैला व्यवस्थापनको लागि बजार व्यवस्थापन समिति तथा अन्य सरोकारहरुलाई तालिम प्रदान गरिनेछ ।
- हल्दीबारी गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुसंग साझेदारिमा प्रांगारिक मल उत्पादन तथा प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।
- वन क्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सबै पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माणका लागि संघीय तथा प्रादेशिक सरकार समक्ष अनुरोध गरिनेछ ।
- गाउँ विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ । विपद्सँग सम्बन्धित प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक क्रियाकलापमा उक्त कोषबाट खर्च गर्ने व्यवस्था मिलाइनेछ ।
- घाँसे प्रजातिका एवम् फलफुल प्रजातिका विरुवाहरु प्राथामिकतामा राखी सार्वजनिक स्थानमा वृक्षारोपण अभियान सञ्चालन गरिनेछ ।
- हात्ती नियन्त्रका लागि गाउँपालिकाको वडा नं.२, ३, ४ र ५ मा पर्ने जलथल जंगलको सिमानामा रहेको सौर्य विद्युतिय तारबारको संरक्षण र मर्मतका लागि आवश्यकिय व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्रबाट बग्ने मुख्य नदीहरुबाट हुने कटान र भूक्षयको रोकथाम तथा तटबन्धनका लागि सम्बन्धित निकायहरुमा आवश्यक पहल गरिनेछ । साथै त्यस्ता जोखिमयुक्त क्षेत्रहरुमा बाँस लगायतका कटान नियन्त्रण हुने खालका बिरुवाहरु वृक्षारोपण गरिनेछ ।
- भैपरि आउने विपद व्यवस्थापनका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गरी तयारी अवस्थामा राख्ने व्यवस्था मिलाईने छ ।

**(उ) संस्थागत विकास तथा सेवा प्रवाह-**

- कार्यालयको काम कर्मचारी स्वयमले खोजी खोजी गर्ने संस्कार स्थापना गर्न वर्षभरीमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी सम्मान गर्ने कार्यक्मलाई निरन्तरता दिइएको छ ।

- संचालित योजना तथा कार्यक्रमहरुलाइ प्रभावकारी वनाउन अनुगमन तथा निरिक्षण कार्यलाइे तिव्रता दिइनेछ ।
- सबै वडा कार्यालय, सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाको समेत आफ्नै आधिकारिक वेभसाइट निर्माण गरी सम्पूर्ण सूचना तथा जानकारीहरु वेभसाइट मार्फत सार्वजनिक गर्ने ब्यवस्था लाइ निरन्तरता दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका पत्रकार एवम संचारकर्मीहरुको क्षमता अभिबृद्धी सम्बन्धी कार्यक्रम संचालनका लागि प्राथमिकता दिइनेछ ।
- सार्वजनिक चोक तथा बजारहरुमा सि सि क्यामेरा जडान गरिने छ ।
- सूचना तथा संचारका सबै माध्यमहरुको प्रयोग गरी गुनासो सुनवाइ कार्यक्रम कार्यान्वयन तथा सूचनाको हकको प्रभावकारी कार्यान्वयनलाइ प्राथमिकता दिइनेछ ।
- कर्मचारी कल्याणकारी कोष नियमावली, २०७५ बमोजिम स्थापना गरिएको कर्मचारी कल्याणकारी कोषको व्यवस्थापन तथा परिचालनलाई थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाले प्रवाह गर्नुपर्ने सार्वजनिक सेवालाई प्रभावकारी, मितव्ययी र गुणस्तरीय बनाउनका लागि गाउँसभा तथा गाउँ कार्यपालिकाबाट पारित नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड आदिको समसामयिक संशोधनको व्यवस्था मिलाइनेछ ।
- सबै सामुदायिक विद्यालय, गाउँपालिकाको कार्यालय, स्वास्थ्य चौकीहरु एवम् वडा कार्यालयहरुमा प्रयोग हुने गरि एकिकृत सफ्टवेयर/प्रणाली व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाको प्रशासनिक भवन तथा मातहतका वडाकार्यालयहरुलाई वातावरण मैत्री कार्यालय बनाउन चरणबद्ध कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- **हाम्रो गाउँपालिका, राम्रो गाउँपालिका** अभियानलाई सार्थक तुल्याउन गाउँपालिका भवन तथा मातहतका वडा कार्यालयहरु स्वास्थ्य संस्थाहरु एवम अस्पताललाई अपांगता मैत्री, बाल मैत्री, ज्येष्ठ नागरिक मैत्री तथा सेवाग्राही मैत्री बनाइने छ । साथै कार्यालय प्रवेश कक्षमा सेवाग्राहीहरुलाई सन्देशमुलक प्रतिक्षालयको ब्यवस्था गरिनेछ ।
- माथि उल्लिखित बाहेक अघिल्लो गाउँसभा अधिवेशनद्धारा पारित नीति तथा कार्यक्रमलाई निरन्तर कार्यान्वयन गर्दै लगिनेछ ।